# दुप्चेश्वर गाउँपालिका

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परिक्षण

# प्रतिवेदन २०७६




**दुप्चेश्वर गाँउपालिका**

**दुप्चेश्वर कार्यपालिकाको कार्यालय**

**नुवाकोट जिल्ला**

**बाग्मती प्रदेश , नेपाल**

# दुप्चेश्वर गाउँपालिका

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परिक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि नेपाल सरकारका थुप्रै अन्तरराष्टिय प्रतिवद्धता रहेको छ । संविधानमा समेत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि प्रतिवद्धता व्यक्त गरिएको छ। अन्तरराष्टिय प्रतिवद्धता, संवैधानिक व्यवस्था र संघिय तथा प्रदेश सरकारको तहमा भएका नीतिगत व्यवस्थाहरुको कार्यान्वयन र गाँउपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री बनाउनका लागि दुप्चेश्वर गाँउपालिकामा लैंगिक समानता तथा सामाजिक समाोशिकरण परीक्षण कार्यविधि अनुसार लैससास परिक्षण गरिएको हो । यो परीक्षणले गाँउपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवस्था विश्लेषण गरी हालको अवस्था उत्तालगाउन र भविष्यमा आवश्यक पर्ने नीतिगत, संस्थागत तथा नीतिगत, संरचना र कार्यक्रमगत व्यवस्थामा सुधारका साथै योजना र कार्यक्रमहरुको कार्यान्वयन चक्रमा आवश्यक सुधारका लागि कार्ययोजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । महिला तथा बञ्चितीमा परेका जातजाती, वर्ग, क्षेत्र र अल्पसंख्यक समुदायहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न र विभिन्न सरोकारवालाहरुले गरिरहेका प्रयासहरुलाई समेत समन्वय गर्न यस परीक्षण कार्यबाट तयार भएको योजनाले सहयोग गर्नेछ ।

## २. अध्ययनको महत्व

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारको प्रयोग गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीतिगत, संरचनागत र कार्यक्रमको अवस्था विश्लेषण, आवश्यक सुधारका लागि कार्ययोजना निर्माण र कार्यान्वयनका लागि यो परिक्षण गरिएको छ । यसबाट दुप्चेश्वर गाँउपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री बनाउन तथा गाँउपालिका तथा वडा

दुवै तहमा सहभागिमुलक योजना निर्माण प्रक्रियालाई समावेशी बनाउन सहयोग पुर्‍याउनका लागि लैससास परीक्षणको आवश्यकता रहेको छ ।

## ३. लैससास परिक्षणको उद्देश्यहरु

लैससास परीक्षणको मुख्य उद्देश्य गाउँपालिकाले गर्ने सम्पूर्ण कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चितता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छन :

(क) लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको नीति, संस्थागत संरचना, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा बञ्चितीमा परेका व्यक्ति र समुहहरुको सहभागिता, लैङ्गिक समानता र सबै जातजाती तथा समुदायहरुको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेदको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

(ख) महिला, बञ्चितीमा परेका व्यक्ति र समुहहरु, सीमान्तकृत तथा अल्पसंख्यक समुहहरुलाई गााउँपालिकाको योजना निर्माण प्रक्रियामा समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गर्दै गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

(ग) गाउँपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास संवेदनशिल कार्यन्वयन तथा अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

## ४. अध्ययनका विषयगत क्षेत्रहरु

लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षणमा मुख्यगरी आठवटा विषयगत क्षेत्रहरु (सुचक) र ५६ वटा उपसुचकमा रहेर अध्ययन तथा विश्लेषण गरिएको छ । *(विस्तृत सुचक तथा उपसुचक अनुसुचीमा समावेश छ)*

| क्र. स. | अध्ययनका क्षेत्रहरु |
|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| २ | लैससास विश्लेषणमा आधारित योजना तर्जुमा |
| ३ | योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन |
| ४ | आन्तरिक संरचना |
| ५ | क्षमता विकास |
| ६ | नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता |
| ७ | सेवा प्रवाह र संस्थागत संस्कृति |
| ८ | सुशासन |

## ५. लैससास परिक्षण विधि र प्रकृयाहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्नका लागि गाउँपालिकाले लैससास परीक्षणको प्रयोजनका लागि ७ सदस्य कार्यदल बनाएको थियो । सोहि कार्यदलको नेतृत्वमा लैससास परीक्षण प्रकृया संचालन गरियो । गाउँपालिकामा लैससासको अवस्था अध्ययन तथा विश्लेषण गर्दा निम्न विधि तथा प्रकृयाहरु अवलम्वन गरियो ।

**५.१ दस्तावेज समिक्षा** : लैससास कार्यदलले गाउँपालिकाको दस्तावेजहरू (जस्तै ऐन, कानून, नीति, कार्यविधि, बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समिक्षाको प्रतिवेदन, गाउँपालिका प्रोफाईल, विभिन्न समयमा भएका निर्णयहरू आदिको लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरियो ।

**५.२ लक्षित समुह छलफल :** गाउँपालिकासंग सरोकार राख्ने समुहहरुसंग सम्वन्धित सवालहरुमा थप जानकारी लिनको लागि जोखिममा परेका समुहहरुको प्रतिनिधीहरु र उपभोक्ता समुह गरी दूईवटा लक्षित समूहसंग लक्षित समुह छलफल गरियो ।

**५.३ कार्यशाला गोष्ठी (सूचकहरुको लेखाजोखा) :**

सूचक तथा उपसूचक अनुसार अंकभार विश्लेषणका लागि लैससास कार्यदलले नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभावसम्मको अवस्थालाई विश्लेशण गरी गाँउपालिकाका जनप्रतिनिधी, कर्मचारी र सरोकारवालाहरूको सहभागितामा विश्लेषण र सुचक र उपसुचक अनुसार अंक दिने काम गरियो । सहभागितात्मक छलफलको आधारमा लैससास सुचक तथा उपसुचकहरुमा सहभागितात्मक छलफल गरी राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अंकहरू दिने आधार बनाई गाउँपालिकाको अवस्था बिश्लेषण गरियो ।

विभिन्न विषयगत क्षेत्रहरु र सुचकहरूमा प्राप्त अंकहरूलाई माकुरेजालो विधीको प्रयोग गरी सहभागीहरू माझ प्रस्तुत गरियो । विश्लेषणबाट प्राप्त भएका निष्कर्ष तथा सुझावहरुमध्ये राम्रा पक्षहरूलाई निरन्तरता दिने र कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा गाउँपालिकालाई लैससासमैत्री रुपमा स्थापित गर्ने कार्ययोजना तयार गरिएको छ ।

**५.४ सवल, सुधारात्मक, अवसर र चुनौती विश्लेषण :** कार्यशाला अवधीमा कार्यशालामा उपस्थित सहभागीहरुलाई चार समुहमा विभाजन गरी लैससासका लागि विगतमा भएगरेका गतिविधिहरु र अनुभवको आधारमा गाउँपालिकाको लैससास सम्वन्धी सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती पहिचान गरियो । *(समुहगत छलफलको प्रस्तुती तथा निष्कर्ष अनुसुचीमा समावेश गरिएको छ)*

**५.५ कार्ययोजना तयारी** : कार्यशालाको अन्त्यमा कार्यशालामा उपस्थित सहभागीहरुलाई पुन चार समुहमा विभाजन गरी लैससासका विश्लेषणबाट प्राप्त भएको अवस्थालाई आधार मानी समुहगत रुपमा कार्ययोजना तयार गरी प्रत्येक समुहमा दुई दुई वटा विषयगत क्षेत्र (सुचक) हरुको कार्ययोजना तयारी, प्रस्तुती र सुझाव संकलन गरियो । प्राप्त सुझावहरुलाई समेत समावेश गरी कार्ययोजना तयार गरियो । गाउँपालिकाले वार्षिकरुपमा कार्ययोजना कार्यान्वयन तथा नियमित अनुगमन गरी सुधार भएका पक्षहरूलाई माकुरे जालोमा थप्दै उपलब्धिहरूलाई आंकलन गर्नु पर्ने तथा सुधार गर्नुपर्ने पक्षहरूलाई पुनः कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गर्ने समेत प्रतिवद्धता गरियो । गाँउपालिकाले कार्ययोजना कार्यपालिकामा पेश गरी पारित भएपश्चात कार्यान्वयनमा ल्याउनेछ । *(गाँउपालिकाको लैससास कार्यायोजना अनुसुचीमा समावेश गरिएको छ)*

## ६. सहभागीहरु :

| कार्यक्रम | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|
| लक्षित समूह ( LNOB) सँग लक्षित समुह छलफल (२०७६ फागुन १२ गते) | १४ | २ | १६ | समावेशी कृषि समुहका एकल महिला, दलित, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिक सदस्यहरु |
| उपभोक्ता समितिका सदस्यहरुसँग लक्षित समुह छलफल (२०७६ फागुन १२ गते) | ३ | ६ | ९ | सिचाइ उपभोक्ता समिति |
| लैससास परीक्षण कार्यशाला (२०७६ चैत्र ३ गते) | १५ | २३ | ३८ | लैससास अवधारणा प्रस्तुती, सुचकमा समान वुझाइ विकास र अंकमापन, SWOT विश्लेषण, कार्ययोजना तयारी |
| **जम्मा** | | | | |

## ७. विश्लेषणका औजारहरु

दुप्चेश्वर गाँउपालिकाको लैससास परिक्षणका क्रममा विश्लेषणका लागि प्रयोग गरिएका औजारहरु निम्न रहेका छन् ।

क. लैससास परिक्षण अभिमुखीकरण र कार्यदल गठन

ख. दस्तावेज समिक्षा

ग. लक्षित समुह छलफल (दुइवटा समुहसँग)

घ. कार्यशाला गोष्ठी (सूचकहरुको लेखाजोखा)

ङ.सवल, सुधारात्मक, अवसर र चुनौती विश्लेषण

च. कार्ययोजना तयारी र कार्यान्वयन प्रतिवद्धता

## ८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

- गाँउपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुमा लैससास सम्वन्धि बुझाइको विकास भएको छ ।
- गाउँपालिकाको नीतिगत व्यवस्था, विद्यमान संस्थागत संरचना, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा बञ्चितीमा परेका व्यक्ति र समुहहरुको सहभागिता र संवेदनशिलता सम्वन्धी वर्तमान अवस्थाको लैससास परिक्षणका सुचकका आधारमा अंकमापन भएको छ ।
- लैससास परिक्षणका सुचकका आधारमा प्राप्त भएका सुझावहरुको कार्यान्वयनका लागि कार्ययोजनाको तयारी र गाँउपालिकाका तर्फबाट कार्यान्वयनको सामुहिक प्रतिवद्धता भएको छ ।

## ९.लैससास परिक्षण बीधिवाट देखिएका लैगिंक समानता तथा सामाजिक समावेशीकरणको अवस्था्

दुप्चेश्वर गाँउपालिकामा लैससासको अवस्थाका सम्वन्धमा लैससास परिक्षणबाट प्राप्त भएअनुसार यस गाँउपालिकामा लैससास विश्लेषणमा आधारित योजना तर्जुमा र नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धताको अवस्था तुलनात्मक रुपमा राम्रो देखिन्छ। लैससास शासनमा सबैभन्दा बढी सुधारको प्रयास गर्नुपर्ने अवस्था रहेको छ। यसपछि सुधारमा विशेष ध्यान दिनुपर्नेमा सेवा प्रवा र संस्थागत सँस्कृति तथा कानुन तथा नीतिमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण रहेको छ ।

### ९..१. परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक

लैससास परिक्षणबाट दुप्चेश्वर गाँउपालिकाले लैससास सम्वन्धी नीति, व्यवस्था, कार्यान्वयन र अभ्यासमा प्राप्त गरेको अंक यसप्रकार रहेको छ ।

| क्र.स. | विषयगत क्षेत्रहरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | 7 | 2 |
| २ | लैससास विश्लेषणमा आधारित योजना तर्जुमा | 7 | 4 |
| ३ | योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन | 7 | 3.5 |
| ४ | आन्तरिक संरचना | 7 | 3.5 |
| ५ | क्षमता विकास | 7 | 2.5 |
| ६ | नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता | 7 | 3.5 |
| ७ | सेवा प्रवाह र संस्थागत संस्कृति | 7 | 2.5 |
| ८ | सुशासन | 7 | 1.5 |
| | जम्मा प्राप्तांक | 56 | 23 |

## ९.२.मााकुरे जालो

लैससास परिक्षणबाट दुप्चेश्वर गाँउपालिकाले लैससास सम्वन्धी विद्यमान नीति, व्यवस्था, कार्यान्वयन र अभ्यासमा प्राप्त गरेको अंकलाई यहाँ सारांशमा माकुरे जालोमा प्रस्तुत गरिएको छ ।




## १०. सबल पक्ष, सूधार गर्नुपर्ने, अवसर र चुनौती पक्षहरु

लैससास परिक्षणका क्रममा दुप्चेश्वर गाँउपालिकाको लैससास सम्वन्धी विद्यमान नीति, व्यवस्था, कार्यान्वयन र अभ्यासका सम्वन्धमा गरिएको सवल, सुधारात्मक, अवसर र चुनौती सम्वन्धी विश्लेषणमा आएका बुँदा तथा सुझावहरु यहाँ प्रस्तुत गरिएको छ ।

| सवल पक्षहरु | सुधारात्मक पक्षहरु |
|---|---|
| ○ योजना तर्जुमा नीति, विपद् व्यवस्थापन नीति, अपांगमैत्री नीति लगायत १२ वटा नीति तथा ऐनको निर्माण भएको,<br>○ गाँउपालिकाको प्रोफाइल, आवधिक योजना तयार भएको र लैससास सम्वन्धि तथ्यांक र प्राथमिकताहरु पहिचान भएको<br>○ महिला स्वयंसेविकाको कृयाशिल | ○ निर्माण भएका नीति तथा कानुनी व्यवस्थाहरुका वारेमा नागरिकमा जानकारीको विकास गर्नुपर्ने,<br>○ विद्यमान कानुनी व्यवस्थाहरुको कार्यान्वयन गर्नुपर्ने, |

| | |
|---|---|
| ○ योजना प्रकृयामा महिला, जनजाति, अपांग र दलितको सहभागिता रहेको<br>○ उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको, उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिएको, मुख्य पदहरुमा पनि महिलाको सहभागिता सुनिश्चित गरिएको,<br>○ वहिष्करणमा परेको व्यक्तिहरु लक्षित योजना कार्यक्रम रहेको<br>○ अनुगमन तथा मुल्यांकनमा लैससास सुचकहरु पनि समावेश गरिएको<br>○ न्यायिक समिति र वडा मेलमिलाप केन्द्रमा वहिष्करणमा पारिएका समुदायको पनि प्रतिनिधित्व रहेको<br>○ क्षमता विकास सम्वन्धी कार्यक्रमहरु गर्दा एकल महिला, जेष्ठ नागरिक, वालवालिका, अपांगता भएका व्यक्तिहरु समिटिने गरिएको<br>○ स्वमुंल्याकन लिसा गरिएको<br>○ महिला अधिकार र महिला माथि हुने हिंसाका सवालमा विभिन्न दिवसिय कार्यक्रम तथा अभियानहरु संचालन गर्ने गरिएको<br>○ परम्परागत हानिकारक अभ्यासहरुको अन्त्यका लागि बजेटको व्यवस्थापन गरी कार्यक्रमहरु गरिएको | ○ लैससास सम्वन्धी समान वुझाइ विकासका लागि जनप्रतिनिधि र कर्मचारीलाई क्षमता विकास गर्नुपर्ने,<br>○ क्षेत्रगत र विषयगत रुपमा लैससासलाई मुलप्रवाहीरकण गर्नुपर्ने,<br>○ वर्षिक योजना निर्माण प्रकृयामा लैससास उत्तरदायी बजेट सम्वन्धी अवधारणा र व्यवस्थालाई अवलम्वन गर्नुपर्ने,<br>○ उपभोक्ता समितिहरु तथा अन्य समितिहरुमा लैससासलाई प्रवर्धन गर्नुपर्ने,<br>○ योजना तथा कार्यक्रमहरुको नियमित अनुगमनलाई व्यवस्थित गर्नुपर्ने,<br>○ लैससास सम्वन्धी कानुनी र विषयगत सवालहरुमा न्यायिक समितीको क्षमता विकास गर्नुपर्ने,<br>○ विभिन्न लक्षित समुहहरुको क्षमता विकासका लागि आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने,<br>○ महिला तथा वंचितिमा परेका समुदायहरुका लागि लोक सेवा तयारी कक्षा तथा अन्य क्षमता विकासका कार्यहरु गर्नुपर्ने,<br>○ दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि रणनीति र काम गर्नुपर्ने, |

| | |
|---|---|
| ○ बालअधिकारको सम्मानका लागि बालबालिका लक्षित कार्यक्रमहरुका लागि बजेट विनियोजन गरी कार्यक्रमहरु गर्ने गरिएको,<br>○ गाँउपालिकाका विभिन्न सुचना जानकारीहरु वेभसाइटमा अपडेट गर्ने गरिएको | ○ लैंगिकतामा आधारित हिंसाको अन्त्यका लागि नीतिगत व्यवस्था, बजेटको विनियोजन र कार्यक्रम गर्नुपर्ने,<br>○ परम्परागत हानिकारक अभ्यासहरुको अन्त्यका लागि रणनीतिक रुपमा कार्य गर्नुपर्ने,<br>○ वेभसाइटमा नियमित लैससाससँग सम्वन्धित अ अन्य सुचना र जानकारीहरु अपलोड गर्नुपर्ने,<br>○ गाँउपालिकासँग सम्वन्धित विभिन्न विषयवस्तुहरुको नियमित प्रकाशन गरी सर्वसाधारणको जानकारीका लागि वितरण गर्नुपर्ने,<br>○ नागरि वडापत्रको व्यवस्था गर्नुपर्ने, जवाफदेहिताका विधीहरु कार्यान्वयनमा ल्याउनुपर्ने, |
| **अवसरहरु** | **चुनौतीहरु** |

| | |
|---|---|
| ○ विभिन्न साझेदार संस्थाहरु लैससास सवालहरु लगायतका कार्यक्रमहरुमा कृयाशिल छन्<br>○ लैससास सम्वन्धी नेपालको अन्तरराष्टिय प्रतिवद्धता, दिगो विकासका लक्ष्यहरु<br>○ लैससास सम्वन्धि संवैधानिक तथा कानुनी व्यवस्था<br>○ स्थानिय सरकार संचालन ऐन २०७४ तथा अन्य कानुनी व्यवस्थाहरुमा लैससाससँग सम्वन्धित विभिन्न काम, कर्तव्य र अधिकारहरु स्थानिय सरकारलाई दिइएको,<br>○ संघ र प्रदेश सरकारको तहबाट लैससासका सवाललाई प्राथमिकतामा राखिएको र स्थानिय सरकारसँग सहकार्यता गरिएको | ○ लैससाससँग सम्वन्धित सवालहरुमा नीति, योजना र कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक स्रोतहरुको कमी हुनसक्ने,<br>○ परम्परागत हानीकरक अभ्यास<br>○ नागरिक तथा सरोकारवालाहरुको प्राथमिकतामा नपर्नु<br>○ सरोकारवालाहरुबाट भएका विद्यमान नीतिगत व्यवस्थाहरुको कार्यान्वयनमा प्रतिवद्धता र कार्यान्वयन नहुनु<br>○ सेवाग्राही र सरोकारवालाहरुले भौतिक विकासलाई प्राथमिकता दिनु र मानविय विकासमा कम प्राथमिकता र लगानी गर्नु |

## ११.लैङ्गिक तथा सामाजिक समावेशीकरण परिक्षणको सिफारिसहरुको कार्ययोजना

लैससास परिक्षणबाट प्राप्त भएका सुझावहरुका आधारमा तयार गरिएको कार्ययोजना निम्नानुसार रहेको छ । गाँउ कार्यपालिकाबाट पारित भएपश्चात यो कार्ययोजना कार्यान्वयन हुनेछ ।

| **लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना** |
|---|

| क्र स | अवस्थामा सुधारकालागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समय | थप आर्थिक दायित्व व्यहोर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| **१.कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण (जम्मा अंक : ७, प्राप्तांक : २ )** | | | | | | | |
| १.१ | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव संकलन तथा छलफल गर्ने । | प्र.प्र.अ | अध्यक्ष | कार्यपालिका | | | ✓ |
| १.२ | गाउँपालिकाको लैससास नीति ( लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव संकलन तथा छलफल) तयार गर्ने । | प्र.प्र.अ | अध्यक्ष | उपाध्यक्ष | | ✓ | |
| १.३ | स्वीकृत भएका कानुन र नीतिहरु राजप्रत्रमा प्रकाशन गर्ने तथा सवैको पहुँच हुने गरी वेवसाइट, पालिकाको सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राख्ने । | प्र.प्र.अ | अध्यक्ष | उपाध्यक्ष | | ✓ | |
| **२.लैससास विश्लेषणमा आधारित योजना तर्जुमा (जम्मा अंक : ७, प्राप्तांक : ४)** | | | | | | | |
| २.१ | आवधिक तथा क्षेत्रगत योजना र लैससास नीति अनुरुप वार्षिक नीती तथा कार्यक्रम तयार गर्ने । | प्र.प्र.अ | अध्यक्ष | उपाध्यक्ष | २०७७ | | ✓ |
| २.२ | वार्षिक योजना तर्जुमा गर्दा लैससास निति अवलम्वन गरी लैससास परीक्षणबाट तयार भएको कार्ययोजना कार्यान्वयनमा ल्याउने । | प्र.प्र.अ | अध्यक्ष | कार्यपालिका | २०७७ | ✓ | |
| २.३ | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन हुनेगरि तयार गर्ने | प्र.प्र.अ | अध्यक्ष | उपाध्यक्ष | | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.४ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता गराउनका लागि तालिम, अभिमूखिकरण तथा अभियान चलाउने । | प्र.प्र.अ | अध्यक्ष | उपाध्यक्ष, वडा अध्यक्ष | | ✓ | |
| २.४ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने | प्र.प्र.अ | अध्यक्ष | उपाध्यक्ष, वडा अध्यक्ष | | | ✓ |
| **३.योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन जम्मा अंक : ७, प्राप्तांक : ३.५)** | | | | | | | |
| ३.१ | सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु तयार गर्दा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक बनाउने र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल गर्न नितिगत व्यवस्था गर्ने | योजना शाखा,प्र.प्र.अ. | अध्यक्ष | उपाध्यक्ष | | ✓ | |
| ३.२ | नियमित रुपमा सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान गर्ने तथा यस्ता सिकाईहरु योजना, कार्यक्रम, नीति निर्माण गर्दा समावेश गर्ने तथा आवश्यकता अनुसार सरोकारवालाहरुको सहभागीता गर्ने । | उपाध्यक्ष | अध्यक्ष | उपाध्यक्ष, प्र.प्र.अ. | | | ✓ |
| **४.आन्तरिक संरचना (जम्मा अंक : ७, प्राप्तांक ३.५)** | | | | | | | |
| ४.१ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था गर्ने ( जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) । उनीहरूको सक्रियतामा आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने | उपाध्यक्ष | अध्यक्ष | उपाध्यक्ष,प्र.प्र.अ. | निरन्तर | | ✓ |
| ४.२ | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेखिकरण गर्ने । | उपाध्यक्ष प्र.प्र.अ | अध्यक्ष | उपाध्यक्ष,प्र.प्र.अ. | निरन्तर | | ✓ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.३ | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता विषयमा जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गर्ने । | उपाध्यक्ष प्र.प्र.अ | अध्यक्ष | प्र.प्र.अ., वडा सचिव | | ✓ | |
| ४.४ | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह तथा टोल बिकास संस्था) दर्ता र सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याउने । | उपाध्यक्ष प्र.प्र.अ | अध्यक्ष | प्र.प्र.अ., वडा सचिव | | ✓ | |
| **५.क्षमता विकास (जम्मा अंक : ७ ,प्राप्तांक : २.५)** | | | | | | | |
| ५.१ | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी तयार गरिएको कार्ययोजना तथा क्षमता विकास कार्ययोजना बनाई वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवनमा ल्याउने । | उपाध्यक्ष प्र.प्र.अ | अध्यक्ष | ,प्र.प्र.अ. | | संस्थागत स्व-मूल्याङ्कन गरी कार्ययोजना बनाईएको छ | ✓ |
| ५.२ | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने । | उपाध्यक्ष प्र.प्र.अ | अध्यक्ष | ,प्र.प्र.अ. | | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.३ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने । तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने । | उपाध्यक्ष प्र.प्र.अ | अध्यक्ष | ,प्र.प्र.अ. | | ✓ | |
| ५.४ | गाउँपालिबाट संचालन हुने सबै तालिममा लैससास सम्वन्धी छुट्टै एक सत्र (विषय) राखि तालिम संचालन गर्ने नितिगत ब्यबस्था गर्ने । | उपाध्यक्ष प्र.प्र.अ | अध्यक्ष | ,प्र.प्र.अ. | | ✓ | |
| ५.५ | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु ( पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) कार्यक्रम वार्षिक वजेट तथा कार्यक्रममा राखि संचालन गर्ने । | उपाध्यक्ष प्र.प्र.अ | अध्यक्ष | ,प्र.प्र.अ. | | ✓ | |
| ५.६ | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गरी कम्तिमा २ वटा कार्यक्रम संचालन गर्ने । | अध्यक्ष | अध्यक्ष | ,प्र.प्र.अ. | | | ✓ |
| **६. नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** (**जम्मा अंक : ७, प्राप्तांक : ३.५.**) | | | | | | | |
| ६.१ | महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि (CEDAW), महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका | उपाध्यक्ष | अध्यक्ष | ,प्र.प्र.अ. | २०७७ असार | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने | | | | | | |
| ६.२ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यन्वयन गर्ने । | उपाध्यक्ष | अध्यक्ष | ,प्र.प्र.अ. | २०७७ असार | ✓ | |
| **७. सेवा प्रवाह र संस्थागत संस्कृति (जँम्मा अंक : ७, प्राप्तांक : २.५)** | | | | | | | |
| ७.१ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने । | उपाध्यक्ष | अध्यक्ष | ,प्र.प्र.अ. | | | |
| ७.२ | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना ( सार्वजनिक स्थल) निर्माण गर्नको लागि गा.पा ले नितिगत व्यवस्था गर्ने तथा सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिलारपुरुष शौचालय, प्रतिक्षालय को ब्यबस्था गर्ने । | उपाध्यक्ष | अध्यक्ष | ,प्र.प्र.अ. | | ✓ | |
| ७.३ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, चेलिबेटि बेचबिखन, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन र नियन्त्रणका लागि) अभियान र चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । | उपाध्यक्ष | अध्यक्ष | ,प्र.प्र.अ. | निरन्तर | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता को लागि नितिगत व्यवस्था गरी कार्यान्वयन गर्ने । | उपाध्यक्ष | अध्यक्ष | ,प्र.प्र.अ. | निरन्तर | ✓ | |
| **८. सुशासन (जम्मा अंक : ७, प्राप्तांक : १.५)** | | | | | | | |
| ८.१ | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयनको लागि कार्यबिधि बनाई कार्यान्वयन गर्ने । | अध्यक्ष, उपाध्यक्ष | अध्यक्ष | ,सुचना शाखा प्र.प्र.अ. | | ✓ | |
| ८.२ | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) सार्वजनिक गर्ने । | अध्यक्ष, उपाध्यक्ष | अध्यक्ष | ,सुचना शाखा प्र.प्र.अ. | | ✓ | |
| ८.३ | विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य सूचनाहरु) नियमित रुपमा Website तथा सूचना पाटीमा सार्वजनिकिकरण गर्ने । साथै वडा, प्रदेश, संघ तथा नागरिक समाज र अन्य सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने । | अध्यक्ष, उपाध्यक्ष | अध्यक्ष | सुचना शाखा प्र.प्र.अ. | नियमित | | ✓ |
| ८.४ | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, कार्यपालिकामा छलफल गर्ने, नागरिक समाज तथा प्रदेश, संघ तथा अन्य सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने व्यवस्था मिलाउन । | उपाध्यक्ष | अध्यक्ष | ,प्र.प्र.अ. | निरन्तर | ✓ | |

## १२. निश्कर्ष

लैससास परिक्षणका लागि तयार गरिएको कार्यविधीका आधारमा गाँउपालिकाको कार्यदलको सहजीकरण यो लैससास परिक्षण सम्पन्न भएको छ । लैससास परिक्षणबाट प्राप्त अंकमापनका आधारमा कार्ययोजनाको समेत तयारी भएको छ । लैससास परिक्षणका क्रममा लैससास सम्वन्धी अवधारणागत बुझाइको समेत विकास भएको छ । सहभागितात्मक विधी र प्रकृयाका आधारका गरिएको यस परिक्षणले सबै सरोकारवालाहरुको यसका सिफारिस तथा कार्ययोजना कार्यान्वयनमा समन्वयको विकास हुनेछ ।

## १३. सुझाव

लैससास परिक्षणका कार्ययोजनाको कार्यान्वयनका लागि निम्न सुझावहरु रहेको छ ।

क. कार्ययोजनामा उल्लेखित सिफारिसहरुको कार्यान्वयनका लागि कार्यपालिकाबाट पारित गर्ने, वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गर्ने ।

ख. वार्षिक रुपमा भएका लैससास परिक्षणको सिफारिस कार्ययोजनाको प्रगतिहरुको समिक्षा गरी नयाँ कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।

ग. लैससास नमुना गाँउपालिका निर्माणका लागि आवश्यक नीतिगत व्यवस्था, संरचनागत व्यवस्था, योजना, कार्यान्वयन र असल अभ्यासहरुको प्रवर्धन गर्दै लैजाने,

घ. लैससास परिक्षण कार्ययोजना कार्यान्वनयको नियमित अनुगमन गर्ने र अनुगमनका लागि व्यक्ति, सम्वन्धित शाखा वा समितिलाई जिम्मेवारी तोक्ने ।

# अनुसुचिहरु

## अनुसुची : क

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचक तथा प्राप्त अंक

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | २ | |
| क | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ० - १ | १. | |
| ख | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ० - १ | ० | |
| ग | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | ० - १ | ०.५ | |
| घ | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | ० - १ | ०. | |
| ङ | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | ० - १ | ० | |

| | | | | |
|---|---|---|---|---|
| **च** | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? ( जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | ० - १ | ०.५ | |
| छ | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०. | |
| **२** | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | **७** | **४** | |
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | ०–१ | १. | |
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | ०–१ | १ | |
| ग | आवधिक तथा क्षेत्रगत योजना र लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता छ वा छैन ? | ०–१ | ० | |
| घ | वार्षिक योजना तर्जुमा गर्दा, लैससास परीक्षण (GESI audit) तथा लैङ्गिक उत्तरदायी बजेट (GRB), तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | ०–१ | ० | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | |

| | | | | |
|---|---|---|---|---|
| च | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ? | ०–१ | ०.५ | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | १ | |
| **३** | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | ७ | **३।५** | |
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ? | ०–१ | १ | |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा बञ्चितिकरण परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | ०–१ | ० | |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | ०–१ | ०.५ | |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | ०–१ | १ | |

| | | | | |
|---|---|---|---|---|
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | ०–१ | ०.५ | |
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रमरयोजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | ० | |
| ४ | **आन्तरिक संरचना** | ७ | **३।५** | |
| क | गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | १ | |
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | ०–१ | ०. | |
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | ०.५ | |
| घ | सामाजिक विकास शाखा र महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | ०–१ | ० | |
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | |

| | | | | |
|---|---|---|---|---|
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | ०–१ | ०.५ | |
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लव, संचार समुह, कृषि समुह) दर्तारसूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | ०–१ | १. | |
| **५** | **क्षमता विकास** | **७** | **२।५** | |
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | ०–१ | ०.५ | |
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | |
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | |

| | | | | |
|---|---|---|---|---|
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | ०–१ | ०. | |
| **च** | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु ( पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | |
| **छ** | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | ०–१ | १. | |
| ६ | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | ७ | **३।५** | |
| क. | महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि (CEDAW), महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | ०–१ | ०.५ | |

| | | | | |
|---|---|---|---|---|
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | ०–१ | ०.५ | |
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि ( CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | ०–१ | ० | |
| घ. | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | ०–१ | ०.५ | |
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | ०–१ | १. | |
| **च** | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ०.५ | |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ०.५ | |
| ७ | **सेवा प्रवाह र संस्थागत संस्कृति** | ७ | २.५ | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | ०–१ | ०. | |

| | | | | |
|---|---|---|---|---|
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | ०–१ | ०.५ | |
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना ( सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाउँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | ०–१ | ०.५ | |
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | ०–१ | ०. | |
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन / नियन्त्रणका लागि) अभियान/चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | ०–१ | १ | |
| च | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | |
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ०–१ | ०.५ | |
| **८** | **सुशासन** | **७** | **१.५** | |
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | ०–१ | ०. | |
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | |

| | | | | |
|---|---|---|---|---|
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | |
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि "घ" मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | |
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | ०–१ | ० | |
| | **जम्मा** | **५६** | **२३** | |

## अनुसुची : ख

## लैंससास परिक्षण कार्यक्रमका केही झलकहरु



Figure 5: Closing remarks and commitment for the implementation of action plan by Chairperson



Figure 6: Orientation about GESI Audit by Deputy Chairperson



Figure 1: Group work on action plan preparation



Figure 2: Group Presentation of action plan



Figure 7: Facilitating GESI Audit Session by



Figure 8: Group Exercise on SWOT analysis



Figure 9: GESI Scoring Exercise



Figure 10: Task Force Formation and orientation on GESI audit procedure



Figure 11: Focus Group Discussion (FGD) with LNOB



Figure 12: Focus Group Discussion (FGD) with UGC

## अनुसुची : ग

## सहभागी नामावली



बैठक नं: ३

Page No.:
Date :

कार्यशाला

आज मिति २०७६ साल चैत महिनाको ३ गतेका दिन दुल्लेश्वर गाउँपालिकाका अध्यक्ष श्री थोबिन्द्र सिंह तामाङ ज्यूको अध्यक्षतामा दुल्लेश्वर गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक ~~सामाजिक~~ समावेशीकरण (लैसास) परीक्षण कार्यशालामा तपसिल बमोजिमका व्यक्तिहरूको उपस्थिति गरियो ।

उपस्थितीहरू

१. श्री थोबिन्द्र सिंह तामाङ गा.पा. अध्यक्ष
२. श्री अन्जु आचार्य गा.पा उपाध्यक्ष
३. श्री छत्रबहादुर अधिकारी प्र.प्र.अ.
४. श्री सुनबहादुर तामाङ अध्यक्ष वडा नं. १
५. श्री दावा तामाङ अध्यक्ष वडा नं. २
६. श्री ध्रुवकर के.सी. अध्यक्ष वडा नं. ३
७. श्री इश्मान तामाङ अध्यक्ष वडा नं. ४
८. श्री सन्चु तामाङ अध्यक्ष वडा नं. ५
९. श्री किशोर ~~आचार्य~~ अध्यक्ष वडा नं. ६
१०. श्री भेषबहादुर सिटौला अध्यक्ष वडा नं. ७
११. श्री सितामाया तामाङ कार्यपालिका सदस्य — सिता माया तामाङ
१२. श्री सबिना तामाङ कार्यपालिका सदस्य
१३. श्री रामकृष्ण सुनार कार्यपालिका सदस्य
१४. श्री उमेश घिताल पशुपन्छी शाखा
१५ श्री मित्र बहादुर श्रेष्ठ - शिक्षा शाखा -
१६. श्री अनिल अधिकारी - इन्जिनियर, पुर्णिमा
१७ श्री निर्मला लामिछाने महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा
१८. श्री मन्जु श्रेष्ठ - रोजगार शाखा — Manju
१९. श्री जानुका कंडेल लेखा शाखा
२०) श्री सिता बि.क अध्यक्ष (महिला समुह) — सिता
२१) श्री निशा कटुवाल कृषि शाखा
२२) श्री सन्जु के.सी. योजना सल्लाहकार — S.K.C.
२३) श्री मेघनाथ रिमाल शिक्षा

**Figure 14: GESI Audit Attendance and Meeting Minute**

| | | | |
|---|---|---|---|
| २४) | वासुदेव श्रेष्ठ | स्वास्थ्य शाखा | [illegible] |
| २५) | खबेन कुमार साह | ~~प्राविधिक~~ प्रशासन शाखा | खबेन |
| २६) | लक्ष्मी कार्की | प्रशासन शाखा | लक्ष्मी |
| २७) | विष्णु प्र. खनाल | स्टोर किपर | [illegible] |
| २८) | कृष्ण थापा | आसिस्टेन्ट सब इन्जिनियर | [illegible] |
| २९) | राम कुमारी थापा | का.स | रामकुमारी |
| ३०) | प्रकाशचन्द्र थापा | शाखा प्रमुख | [illegible] |
| ३१) | सुनिता तामाङ | का.स | सुनिता |
| ३२) | ईशा श्रेष्ठ | सब - इन्जिनियर | [illegible] |
| ३३) | इन्द्र पाण्डे | अ. सब - इन्जिनियर | [illegible] |
| ३४) | सागर बराल | इन्जिनियर | [illegible] |
| ३५) | संजिव नेपाल | इन्जिनियर | S Nepal |
| ३६) | भोलाराज हुङ्गाना | प्राविधिक (ह.ना.) | [illegible] |
| ३७) | प्रदिप के.सी | IT officer | [illegible] |
| ३८) | शोभानाथ चौधरी | Sub-Engineer | [illegible] |
| ३९) | राकेश सुनारी मगर | " | Rakesh |
| ४०) | गणसिंह तामाङ | प्र.क.अ | [illegible] |
| ४१) | श्रीधर पोख्रेल | लेखापाल | [illegible] |
| ४२) | सर्वदा पण्डित | लेखा अधिकृत | [illegible] |

~~प्रस्ताव न १: लैससप परिक्षण कार्यविधि~~

प्रस्ताव नं १: लैससपास परिक्षण सम्बन्धमा

निर्णय नं १: मिति २०७७/१२/०३ दुचेश्वर गाउँपालिकाको लैससाप परीक्षण कार्यशालो गोष्ठीमा लैससाप कार्यविधि, २०७६ अनुसार ८ वटा सूचकअन्तर्गत ४६ वटा उपसूचकहरु विश्लेषण गरी आकलन गरियो।

प्रस्ताव न २: लैससाप परीक्षणको आधारमा कार्ययोजना तयारी सम्बन्ध

निर्णय न २: लैससाप परीक्षणको सूचक तथा उपसूचकहरुको विश्लेषण गाउँपालिकाको लैससाप अवस्था पहिचान गरी यसको सुधारको ८ वटै सूचकहरुलाई आधार मानि कार्ययोजना तयार गरियो, तयार पारिएको योजनालाई कार्यपालिकाबाट स्वीकृत गराई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

~~ाव नं ३~~ :



लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका लागि
लक्षित समुह छलफल
१२ फागुन २०७६ (23 February 2020)

स्थान तथा लक्षित समूहको नाम: दुल्नेश्वर समावेशि कृषक समूह

| सि.न. | नाम | पद | समूह | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| 1. | अल्पना तामाङ (विपन्नता) | सदस्य | दुलेश्वर समावेशी कृषक समूह | 9619595638 | अल्पना |
| 2. | माइली तामाङ (एकल) | " | " | 9813882546 | माईली |
| 3. | आशा कुमारी तामाङ (अपाङ्गता) | " | " | 9823409974 | आशा |
| 4. | माइली तामाङ (एकल) | " | " | | माईली |
| 5. | तुलस्या पण्डित (अपाङ्गता) | अध्यक्ष | " | | तुलस्मा |
| 6. | टुली तामाङ ( " ) | सदस्य | " | | टुली |
| 7. | सिर्जना तामाङ (विस्थापित) | " | " | | सिर्जना |
| 8. | बुद्धि माया श्रेष्ठ (महिला समूह) | " | समाति महिला समूह | | बुद्धिमाया |
| 9. | रती थापा (जेष्ठ नागरिक) | " | " | | [illegible] |
| 10. | राममाया तामाङ (महिला समूह) | " | " | | राममाया |
| 11. | सानु कान्छा तामाङ (जेष्ठ) | " | दुलेश्वर समावेशी कृषक समूह | | |
| 12. | कान्छी तामाङ (विस्थापित) | " | समाति महिला समूह | | कान्छी |
| 13. | विमला श्रेष्ठ (महिला समूह) | " | " " | | विमला |
| 14. | समीता तामाङ (अपाङ्गता) | सदस्य | दुलेश्वर समावेशी कृषक समूह | | समीता |
| 15. | प्रेम कुमारी श्रेष्ठ (विपन्न) | " | प्रेम कुमारी | | |
| 16. | कान्छी माया तामाङ (अपाङ्गता) | " | " | | कान्छी |

Figure 15: FGD with LNOB



दुप्चेश्वर गाउँपालिका
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका लागि
लक्षित समुह छलफल
१२ फागुन २०७६ (23 February 2020)

स्थान तथा लक्षित समूहको नामः रामभति कन्द्रक सिंचाई उपभोक्ता समिति

| सि.न. | नाम | पद | समूह | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | रति थापा | सदस्य | उपभोक्ता समूह | | [signature] |
| २ | सर्मिला तामाङ | [illegible] | रामभति कन्द्रक सिंचाई उपभोक्ता | | समीला |
| ३ | राममाया तामाङ | ,, | ,, | | राम माया |
| ४ | श्याम तामाङ | सचिव | ,, | ९८४१२४६२८८ | [signature] |
| ५ | मान बा. तामाङ | अध्यक्ष | ,, | ९८४०२५०४१६ | मानबहादुर |
| ६ | बद्रि प्रसाद आर्याल | सल्लाहकार | ,, | | [signature] |
| ७ | कुल मान तामाङ | ,, | ,, | | कुलमान तामाङ |
| ८ | श्यमर बा तामाङ | सदस्य | ,, | | समर |

Figure 16: FGD with UGC